# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ५ सङ्ख्या : ८ मिति : भाद्र २०, २०७९**

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## <u>नगर खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०७९</u>

स्वीकृत मितिः २०७९/०५/१३

उर्लाबारी नगरपालिका

**प्रस्तावनाः**

खेलकुदको माध्यमबाट देशको सार्वभौमिकता रक्षा गर्न, स्वस्थ्य प्रतिष्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्न, समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी युवाहरुलाई धुम्रपान, मद्यपान, लागू पदार्थ सेवनको कुलतबाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्ने उद्देश्यलाई मूर्तरुप दिन बाञ्छनीय भएकोले उर्लाबारी नगरकार्यपालिकाले नगर खेलकुद संचालन सम्बन्धी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद - १
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम **नगर खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०७९** रहनेछ र यो कार्यविधि राजपत्र प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "कार्यविधि" भन्नाले "उर्लाबारी नगरपालिका नगर खेलकुद संचालन सम्बन्धी कार्यविधि, २०७९" सम्झनुपर्छ ।

(ख) "नगर खेलकुद समिति" भन्नाले नगर कार्यपालिकाबाट गठित नगर खेलकुद समिति भन्ने सम्झनुपर्छ

(ग) "टिम, क्लब, संघ, संस्था" भन्नाले उर्लाबारी नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका उर्लाबारी नगर क्षेत्र भित्रका टिम, क्लब र संघसंस्थाहरु भन्ने सम्झनुपर्छ ।

(घ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ-संस्था सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ ।

(ङ) "पशिक्षार्थी" भन्नाले उर्लाबारी नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ-संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

उर्लाबारी नगरपालिका

(च) "प्रशिक्षक" भन्नाले उर्लाबारी नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ-संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ।

(छ) "प्रशिक्षण समिति" भन्नाले नगर खेलकुद समिति अर्न्तगत उर्लाबारी नगरपालिका क्षेत्रभित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्दछ।

(ज) "खेलकुद विकास कोष"भन्नाले उर्लाबारी नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्दछ।

(झ) "खेलाडी विवरण" भन्नाले टिम, क्लब, संघ-संस्थाहरुले आफ्नो टिम, क्लब, संघ-संस्थामा आबद्ध भनी प्रमाणित गरी प्रत्येक महिनामा नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्दछ।

(ञ) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्बद्ध समिति, उप-समितिका पदाधिकारी भन्ने सम्झनु पर्दछ।

## परिच्छेद - २
## उद्देश्य

### ३. नगर खेलकुद समितिका उद्देश्यहरु :

(क) नगरको कला, संस्कृति, खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने,

(ख) नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

(ग) स्वस्थ्य प्रतिष्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

(घ) टोल, गल्ली, चौक, सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ-संस्थालाई परिचालन गर्ने,

(ङ) खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने,

(च) खेलकुदमा महिला सहभागीता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने,

(छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सहकारी निकायहरुलाई पनि सरिक गराउने,

(ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

(झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायम खेलकुद व्यवस्था गर्न सहयोग पुर्‍याउने,

(ञ) उर्लाबारी नगरपालिकाभित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिष्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

(ट) टिम, क्बल, संघ-संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने/गराउने,

(ठ) नगरपालिका अर्न्तगतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

(ड) नगर खेलकुद समिति अर्न्तगत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

(ढ) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा खेलकुदको माध्यमबाट ख्याती प्राप्त खेलाडीलाई सम्मान गर्ने ।

## परिच्छेद - ३
## नगर खेलकुद समितिको गठन र बैठक सञ्चालन

**४. नगरपालिकामा देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद समिति गठन हुनेछ ।**

क) नगर प्रमुख - अध्यक्ष

ख) कार्यपालिकाले मनोनयन गरेको खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएको व्यक्ति १ (एक) जना - उपाध्यक्ष

उर्लाबारी नगरपालिका

ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

घ) नगर खेलकुद समितिको सिफारिसमा कार्यपालिकाले मनोनयन गरेको विभिन्न खेलकुद विधासँग सम्बन्धित २ (दुई) महिला सहित ५ जना - सदस्य

ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**५. नगर खेलकुद समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ।**

**६. नगर खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।**

**७. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) नगर खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजना, संचालन तथा व्यवस्थापन गर्ने/गराउने।

ग) राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने/गराउने।

घ) नगर खेलकुद समितिको बैठक बस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने/गराउने।

ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने/गराउने।

**८. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय, सूचि र सामग्री जुटाउने।

ख) बैठक मान्यूटिङ्ग उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने।

## परिच्छेद - ४
## खेलकुद प्रतियोगिता व्यवस्थापन

९. नगर खेलकुद समिति आफैले वा नगरपालिकाले दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१०. नगर खेलकुद समिति आफैले वा नगरभित्रका टिम, क्लबहरु मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिमसंग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

११. सल्लाहकार समितिको गठन :- नगर खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद - ५
## नगर क्षेत्रभित्रका टिम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यस्थापन

१२. उर्लाबारी नगरपालिकामा टिम, क्लब, समिति र संस्था खोल्न चाहेमा प्रचलित कानून बमोजिम दर्ता गरी नगरपालिकामा सूचिकृत गराउनु पर्नेछ । यस कार्यविधि लागु हुन पूर्व दर्ता भएकाहरुले समेत नगरपालिकामा सूचिकृत हुनु पर्नेछ ।

१३. दर्ता भएका टिम, क्लब, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१४. दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धीत ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

उर्लाबारी नगरपालिका

**१५. नगर खेलकुद समितिमा दर्ता भएका टिम, क्लब, संघ, संस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराईनेछ ।**

**१६. नगर खेलकुद समिति अर्न्तगत प्रत्येक वडामा देहाय बमोजिमको खेलकुद समिति गठन गरिनेछ ।**

क) वडा अध्यक्ष - अध्यक्ष

ख) वडा समितिले मनोनयन गरेको खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको सम्बन्धित वडाको व्यक्ति १ (एक) जना - उपाध्यक्ष

ग) वडा सदस्य मध्येबाट वडा समितिले मनोनयन गरेको १ जना - सदस्य

घ) वडा खेलकुद समितिको सिफारिसमा वडा समितिले मनोनयन गरेको विभिन्न खेलकुद विधासँग सम्बन्धित २ (दुई) महिला सहित ५ जना - सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

**१७. नगर खेलकुद समितिले टिम दर्ता निवेदन फाराम, नवीकरण फाराम, प्रशिक्षक/प्रशिक्षार्थी फाराम, परिचयपत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरी लागू गर्नेछ ।**

## परिच्छेद - ६
## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

**१८. नगरपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।**

१९. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२०. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२१.उर्लाबारी नगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद - ७
## खेलकुद प्रतियोगिता व्यवस्थापन

२२.अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा नगरपालिकामा सूचिकृत टीम, क्लब, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराईनेछ ।

२३.विभिन्न खेलकुदमा सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नगर खेलकुद समितिले सिफारिस गरे बमोजिमको सुविधा प्रदान गरिनेछ ।

## परिच्छेद - ८
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२४. नगर खेलकूद समितिले खेलकुद विकास र खेलााडीको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिइनेछ ।

उर्लाबारी नगरपालिका

२५. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद समितिका प्रतिनिधि र वडाअध्यक्षको सिफारिस सहित नगर खेलकुद समितिको निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

२६. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

२७. कुनै पनि खेलको प्रशिक्षण अवधि एकपटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्न सकिनेछ ।

२८. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

२९. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीबााट मासिक शुल्क उठाउन, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासन राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३०. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तीमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३१. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

प्रमाणित प्रति

**३२. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।**

## परिच्छेद - ९
## नगर खेलकुद विकास कोषको व्यवस्था

**३३. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि उर्लाबारी नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।**

**३४. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :-**

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) नगरभित्रका टिम, क्लब दर्ता आवेदन शुल्क, नवीकरण शुल्क, फाराम शुल्क

**३५. यस कोषको संचालन नगर खेलकुद समितिको निर्णय अनुसार हुनेछ ।**

**३६. खेलकुद क्षेत्रको विकास र प्रबर्द्धनका लागि नगर खेलकुद समितिको अध्यक्षले बढीमा रु. १०,०००/- सम्म कोषबाट खर्च गर्न सक्नेछ र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्र्यौट गर्नुपर्नेछ ।**

उर्लाबारी नगरपालिका

## परिच्छेद - १०

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

**३७. कुनै पनि प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्ने सम्बन्धीत प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।**

**३८. विशेष तरिकाले मर्मत गर्न सम्बन्धीत प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद समितिले कोषबाट मर्मत संभार गर्नेछ । तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।**

**३९. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद समितिको निर्णयानुसार माग भई आएमा नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।**

## परिच्छेद - ११

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

**४०. अनुशासनको कारवाही :** खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलकोआ चारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा नगर खेलकुद समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाईसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/ प्रशिक्षण/ व्यवस्थापकलाई सहभागी हुन नपाउने गरी नगर खेलकुद समितिले निलम्बन गर्न सक्नेछ ।

**४१. वर्षभरिका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।**

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

---

*मूल्य रु. १०।-*

उर्लाबारी नगरपालिका